# जलविद्युत लगानी तथा विकास कम्पनी लिमिटेड

# बबरमहल, काठमाडौं

## प्रेस विज्ञप्ती

जलविद्युत लगानी तथा विकास कम्पनी लिमिटेडले जलविद्युत आयोजनाहरुमा लगानी गर्ने वाणीज्य बैंकहरुलाई थोक ऋण तथा पुनर्कर्जा सुविधा उपलब्ध गराउन Onlending/Refinancing Policy तयार गरेको छ । यस सुविधाको उद्देश्य १० देखी १५ मेगावाट क्षमताका जलविद्युत आयोजनाहरुका लागि वाणीज्य बैंकहरुमार्फत बैंकहरुकै जोखिममा लगानीका लागि रकम उपलब्ध गराउने रहेको छ ।

यस पुनर्कर्जा सुविधा अन्तर्गत क वर्गका वाणीज्य बैंकहरुले कम्पनीसँग ३ देखि ५ वर्ष अवधीका लगि थोक ऋण प्राप्त गरी १० देखी १५ मेगावाट क्षमताका जलविद्युत आयोजनाहरुमा लगानी गर्न सक्नेछन् । हाल कम्पनीले निर्धारण गरेका योग्यता पुगेका क वर्गका बैंकहरुलाई यो सुविधा उपलब्ध गराइनेछ जसको लागि ऋण प्राप्त गर्न चाहने बैंकले आवेदन सहित तोकिएका कागजपत्रहरु पेश गर्नुपर्नेछ । यसरी लिइएको ऋण रकमबाट कुनै एक आयोजनामा रु. ४० करोडसम्म र एकभन्दा बढी आयोजनाहरुको समुहमा बढीमा रु. १०० करोडसम्म लगानी गर्न सकिनेछ । यस थोक ऋण सुविधामा बढिमा ३ % सम्मको स्प्रेड दर रहनेछ । सुरुमा तीन वर्षसम्मको लागि प्रदान गरिने यो सुविधा कम्पनीको संचालक समितिको स्वीकृतिबाट त्यसपछि एकपटक दुई वर्षसम्मको लागि थप गर्न सकिनेछ ।

मितिः २०७१/५/६